म.प.बै.सं. १।०८२

## संवत् २०८२ साल बैशाख ७ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः स्वास्थ्य निर्देशनालय, सपहीमा कार्यरत अधिकृत एघारौं तहका निर्देशक श्री श्रवण कुमार नायक (क.स.न. १८६५८३) लाई प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा २६ को उपदफा (६) बमोजिम खटिएकै निकायबाट तलब भत्ता खाने गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा विशेषज्ञ कर्मचारीको रुपमा कामकाज गर्न खटाउने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः (क) प्रदेश नीति आयोगका सदस्य डा. हरि शंकर प्रसाद साहले उक्त पदबाट दिनुभएको राजीनामा मिति २०८२।०१।०७ देखि लागु हुनेगरी स्वीकृत गर्ने।
(ख) सिरहा जिल्ला, सिरहा न.पा.-१ निवासी उपेन्द्र कुमार यादवलाई प्रचलित कानून बमोजिम सेवा सुविधा पाउने गरी प्रदेश नीति आयोगको उक्त रिक्त सदस्य पदमा नियुक्त गर्ने।

३. ऊर्जा, सिंचाईतथा खानेपानी मन्त्रालयः दुधमति नदी उत्खनन तथा विकास कार्यको कार्यविधि, २०८१ स्वीकृत गर्ने।

४. गृह, सञ्चार तथा कानुन मन्त्रालयः आमसञ्चार प्राधिकरणको अध्यक्ष पदमा सप्तरी जिल्लाको हनुमाननगर कंकालिनी न.पा. वडा नं. ३ निवासी वर्ष ५३ को श्री जितेनद्र कुमार खडगा लाई नियुक्त गर्ने ।

५. गृह, सञ्चार तथा कानुन मन्त्रालयः मिडिया काउन्सिलको अध्यक्ष पदमा पर्सा जिल्लाको विरगंज महानगरपालिका वडा नं. १३ निवासी वर्ष ४९ को कमल कुमार उपाध्यायलाई नियुक्त गर्ने ।

६. भूमि व्यवस्था , कृषि तथा सहकारी मन्त्रालयःभूमि व्यवस्था , कृषि तथा सहकारी मन्त्रालय वा मातहतका कार्यालयहरुमा कार्यरत अधिकृत सातौं तहका सुदिप चौधरी, उमेश थापा, कोमल रिजाल र सरोज मण्डललाई "जीवनाशक विषादी विक्रेता इजाजतपत्र नविकरण निर्देशिका , २०८१" को दफा ७ बमोजिम जीवनाशक विषादी निरीक्षककोरुपमा नियुक्तगर्ने।

७. श्रम तथा यातायात मन्त्रालयः प्रदेश श्रम सल्लाहकार परिषद् गठन निर्देशिका, २०८१ स्वीकृत गर्ने।

८. स्वास्थ्य तालिम केन्द्र, पथलैया बारामा कार्यरत स्वास्थ्य सेवा, हेल्थ एजुकेशन समूह, अधिकृत एघारौं तहका निर्देशक सरोज चन्द्र न्यौपाने (क.सं.नं.२२५१७१) लाई खटिएकै निकायबाट तलब भत्ता भुक्तानी हुनेगरी स्वास्थ्य निर्देशनालय, सपही, धनुषामा कामकाज गर्न खटाउने।

९. श्री वीरेन्द्र प्रसाद पटेल (क.सं.नं. १७०९५८) लाई वन सेवा, स्वायल एन्ड वाटर कन्जरभेसन समूह, अधिकृत नवौं तह (प्राविधिक), बरिष्ठ जलाधार व्यवस्थापन अधिकृत पदमा मिति २०८१।११।२८ देखि ज्येष्ठता कायम हुने गरी बढुवा नियुक्ति गरी भू तथा जलाधार व्यवस्थापन कार्यालय, बीरगंज, पर्सामा पदस्थापन गर्ने।

१०. श्री मनोज कुमार झा (क.सं.नं. २०४८९९) लाई प्रशासन सेवा , लेखा समूह, अधिकृत नवौं तह (अप्राविधिक), उपसचिव पदमा मिति २०८१।११।२८ देखि ज्येष्ठता कायम हुने गरी बढुवा नियुक्ति गरी प्रदेश लेखा नियन्त्रक कार्यालय, मधेश प्रदेशमा पदस्थापन गर्ने ।

११. मधेश प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८१।१२।१९ को निर्णयानुसार स्थायी नियुक्ति हुनुभएका अधिकृत नवौं तहका विभिन्न कर्मचारीहरुलाई पदस्थापन गर्ने ।

१२. प्रदेश सचिव श्री उद्धव प्रसाद रिजाल(क.सं.न. १३९७७३) लाई मुख्यमन्त्री तथा मन्त्रिपरिद्को कार्यालय, मधेश प्रदेशमा कामकाज गर्न खटाउने।

१३. प्रदेश सचिव श्री विमल प्रसाद बराल(क.सं.न. १५८३८७) लाई गृह, सञ्चार तथा कानुन मन्त्रालय, मधेश प्रदेशमा कामकाज गर्न खटाउने।

म.प.बै.सं. २।०८२

**संवत् २०८२ साल बैशाख २३ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश लोक सेवा आयोग, मधेश प्रदेशबाट सिफारिस भई आएका महादेवा गा.पा.-५, सप्तरी निवासी ज्ञानेन्द्र यादवलाई स्वास्थ्य सेवा, सर्जरी समूह, जनरल सर्जरी उपसमूह, अधिकृत नवौं तह, कन्सल्टेन्ट सर्जन पदमा स्थायी नियुक्ति गरी प्रादेशिक अस्पताल, सिरहामा पदस्थापन गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयःबढुवा समितिको सचिवालयबाट बढुवा नियक्तिको लागि सिफारिस भई आएका अधिकृत नवौं तहका विभिन्न उम्मेदवारहरुलाई बढुवा नियुक्ति गरि पदस्थापन गर्ने।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः मधेश प्रदेश विकास आयोजना अनुगमन तथा मूल्याङ्कन कार्यविधि, २०८१ स्वीकृत गर्ने।

४. अर्थ मन्त्रालयः प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ४३ (२) बमोजिम प्रदेश निजामती सेवाका कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गर्ने निकाय नतोकिएसम्मका लागि कार्यक्षेत्र तोकिएको प्रदेश लेखा नियन्त्रक कार्यालय, मधेश प्रदेश जनकपुरधाम वा मातहतका सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयहरुबाट तलबी प्रतिवेदन पारित गर्ने।

५. गृह, सञ्चार तथा कानुन मन्त्रालयः मिति २०८२/०१/२३ गते मंगलबार जानकी नवमी (सीता जयन्ती) र मितिः २०८२/०२/२८ गते बुधबार कविर दास जयन्तीका दिन मधेश प्रदेश भरी सार्वजनिक विदा दिने सम्बन्धि मितिः २०८२/०१/२१ को सूचना अनुमोदन गर्ने।

६. गृह, सञ्चार तथा कानुन मन्त्रालयः PLMBIS मा समावेश भएका कार्यक्रमहरुलाई विभिन्न १९ कार्यक्रमहरुमा रु २,७१,४६,३२७/- बाँडफाँट गरी स्वीकृत गर्ने।

७. श्रम तथा यातायात मन्त्रालयः सवारीचालक अनुमतिपत्रको प्रयोगात्मक परिक्षालाई प्रविधिको प्रयोग गरि स्वचालित बनाउने सन्दर्भमा स्वचालित ट्रायल सेन्टर ( Automatic Trial Center) र स्वचालित सवारी साधन परीक्षण केन्द्र (Vehicle Fitness Testing Center-VFTC) निजी क्षेत्र मार्फत निर्माण , स्वामित्व, संचालन, हस्तान्तरण ( BOOT) ढाँचाबाट प्रक्रिया अगाडी वढाउन श्रम तथा यातायात मन्त्रालयलाई सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धी विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।